# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर डा. नेपालसँग Safeguard Assessment Mission को भेट

गभर्नर डा. चिरंजीबि नेपालसँग अन्तर्राष्ट्रिय मुद्रा कोषकी मिसन चिफ Ms. Grochalska को नेतृत्वको SAFEGUARDS ASSESSMENT प्रतिनिधिमण्डलले बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा २०७२ भदौ २८ गते भेट गऱ्यो ।



सो भेटमा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकको बाह्य तथा आन्तरिक लेखा परीक्षण र नियन्त्रण प्रणाली, सो सम्बन्धी कानूनी व्यवस्थाहरु, वित्तीय सूचना प्रवाह लगायतका विषयमा जानकारी गराउनु भएको थियो । साथै, उहाँले बैंक सञ्चालक समितिका सदस्यको संयोजकत्वमा रहने लेखा परीक्षण समिति, बैंकले अवलम्बन गरेका नीति नियम तथा पारदर्शिता सम्बन्धी प्रावधानहरुका साथै उपर्युक्त नीति नियम कार्यान्वयनसँग सम्बन्धित वित्त व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन, अनुसन्धान, सूचना प्रविधि, मुद्रा व्यवस्थापन, बैंङ्किङ, संस्थागत योजना, कानुनसँग सम्बन्धित विभागहरुका गतिविधिहरुका सम्बन्धमा समेत सङ्क्षिप्त जानकारी गराउनुभएको थियो ।

SAFEGUARDS ASSESSMENT ले नेपाल राष्ट्र बैंकको कार्यप्रणालीमा सुधार ल्याउने अपेक्षा राख्दै गभर्नर डा. नेपालले सोबाट प्राप्त सुझावहरु कार्यान्वयन गरिने जानकारी सो अवसरमा गराउनुभएको थियो ।

सो भेटमा कार्यकारी निर्देशकहरू वित्त व्यवस्थापन विभागका प्रदीपराज पाण्डे, गभर्नरको कार्यालयका त्रिलोचन पँगेनी अनुसन्धान विभागका नरबहादुर थापा तथा आन्तरिक लेखा परीक्षण विभागका कायम मुकायम कार्यकारी निर्देशक सीता घिमिरे समेतको उपस्थिति रहेको थियो ।

२०७२ भदौ २८ गते, सोमवार

गभर्नरको कार्यालय